**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २७ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) प्रक्रिया अन्तर्गत तयार पारिएको अन्तिम मतदाता सूची भोली प्रकाशित गरिनेछ।

- सर्वोच्च न्यायालयले मतदाता सूचीको विशेष गहन पुनरीक्षण- प्रक्रियामा तैनाथ न्यायिक अधिकारीहरूको लागि निर्वाचन आयोगको प्रशिक्षण मोड्यूललाई लिएर  पश्चिम बंगाल सरकारको आपत्ति बारे विचार गर्न अस्वीकार गरेको छ।

- भारतीय जनता पार्टीले मुख्यमंत्री ममता ब्यानर्जीको सरकारले तुष्टिकरण र वोट ब्यांकको  राजनीति गरेर हिंदी र बांग्ला भाषा बीच विभाजन सृजना गर्ने प्रयास गरि रहेको आरोप लगाएको छ।

- दार्जिलिंगमा आयुष मेला शुरू भएको छ।

- पश्चिम बंगालका कैयन क्षेत्रहरुमा आज भुकम्पका झटकाहरु महसुस गरियो

**<u>निर्वाचन आयोग मतदाता सूची प्रकाशित</u>**

पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) प्रक्रिया अन्तर्गत तयार पारिएको अन्तिम मतदाता सूची भोली प्रकाशित गरिनेछ। पारदर्शिता सुनिश्चित गर्न, भारतीय निर्वाचन आयोगले राज्यका सबै पंजीकृत राजनीतिक दलहरूलाई यो सूचीको सफ्ट कपी उपलब्ध गराउने निर्णय गरेको छ।, आयोगले, मतदाताहरूको सुविधाको लागि अन्तिम सूचीमा नाम जाँच गर्न कैयन अनलाइन र अफलाइन विकल्पहरू पनि खुला राखेको छ। यस पटक, सामान्य मतदाताहरू बाहेक, अन्तिम मतदाता सूचीमा दुई नयाँ श्रेणिहरू "विवेचनाधीन" र "विलोपित" सामेल गरिएका छन्।

***यसरी, सूचीमा तीन श्रेणिमा नामहरू प्रकाशित हुनेछन्।अनलाइन विकल्पहरूका साथ, अफलाइन जांचको पनि व्यवस्था गरिएको  छ। अन्तिम मतदाता सूचीको प्रतिलिपि बुथ-स्तरीय अधिकारीहरूलाई उपलब्ध गराइनेछ। राज्यका मुख्य निर्वाचन अधिकारी कार्यालय अनुसार मतदाताहरूले भारतको निर्वाचन आयोगको आधिकारिक वेबसाइटमा गएर आफ्नो नाम र मतदाता पहिचान पत्र संख्या दर्ता गरेर सूचीमा आफ्नो विवरण जाँच गर्न सक्नेछन्। यस अतिरिक्त पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीको कार्यालयको आधिकारिक वेबसाइटमा  पनि नाम जाँच गर्न सकिनेछ। मतदाताहरूले सम्बन्धित जिल्लाका, जिल्ला निर्वाचन अधिकारीहरूको वेबसाइटमा पनि आफ्नो नाम जाँच गर्ने सुविधा उपलबघ रहनेछ।मतदाताहरूले आफ्नो सम्बन्धित बुथ-स्तरीय अधिकारीलाई सम्पर्क गरेर आफ्नो नामको पुष्टि गर्न सक्छन्। यस अतिरिक्त विभिन्न मतदान केन्द्रहरूमा अंतिम सूचीको हार्ड कपी उपलब्ध गराईनेछ, यस अन्तर्गत मतदाताहरूले त्यहाँ सिधै आफ्नो नाम जाँच गर्न सक्नेछन्।***

आयोगले स्पष्ट पारेको छ कि ‘‘विवेचनाधीन’’ श्रेणीमा ती मतदाताहरूको नाम सामेल हुनेछ जसको पहिचान कागजातहरू न्यायिक अधिकारीहरू समक्ष जाँचमा छन्।सर्वोच्च न्यायालयको निर्देश अनुसार, विशेष रूपमा नियुक्त न्यायिक अधिकारीहरूले यी मामिलाहरुको निपटान गर्नेछन्। ‘‘विलोपित’’ श्रेणीमा नोभेम्बरमा सुरु भएको विशेष गहन पुनरीक्षण अभियानको क्रममा विभिन्न कारणले सूचीबाट नाम हटाइएका मतदाताहरू सामेल हुनेछन्।निर्वाचन आयोगको यो कदमलाई राज्यमा आगामी चुनाव अघि पारदर्शिता र जवाफदेहिता बढाउने दिशामा महत्त्वपूर्ण मानिएको छ।

**सर्वोच्च न्यायालय-पश्चिम बंगाल एसआईआर**

सर्वोच्च न्यायालयले मतदाता सूचीको विशेष गहन पुनरीक्षण- (SIR) प्रक्रियामा तैनाथ न्यायिक अधिकारीहरूको लागि निर्वाचन आयोगको प्रशिक्षण मोड्युललाई लिएर  पश्चिम बंगाल सरकारको आपत्ति बारे विचार गर्न अस्वीकार गरेको छ।पश्चिम बंगाल सरकारले निर्वाचन आयोगले न्यायिक अधिकारीहरूको लागि एक प्रशिक्षण मोड्युल जारी गरेको कुरा औंल्याएपछि, सर्वोच्च न्यायालयले भनेको छ कि उसले आफ्ना न्यायिक अधिकारीहरूलाई राम्ररी जान्दछ र उनीहरू कुनै पनि कुराबाट प्रभावित हुनेछैनन्।मुख्य न्यायाधीशले  भन्नुभयो राज्यमा यस प्रक्रियाको लागि खटाइएका न्यायिक अधिकारीहरूले यसबारे निर्णय लिनेछन् ।पीठले भनेको छ न त निर्वाचन आयोग न त राज्य सरकारले यस विषयमा सर्वोच्च न्यायालय द्वारा पारित आदेश भन्दा बाहिर जानेछ।मंगलबार, न्यायालयले पश्चिम बंगालका सिविल न्यायाधीशहरूका साथ 250 जिल्ला न्यायाधीशहरुको तैनाथीको अनुमति दिईको थियो।

**बीजेपी परिवर्तन यात्रा**

पश्चिम बंगालमा विधानसभा चुनावको तयारीका बीच भारतीय जनता पार्टीको प्रस्तावित 'परिवर्तन यात्रा' मा केन्द्रीय गृहमन्त्री अमित शाहको सहभागिता एक दिनको लागि स्थगित गरिएको छ।अब उहाँले एक मार्चको साटो दुई मार्चमा दक्षिण 24 परगना जिल्लाको रायदीघीबाट यात्राको सुरुवात गर्नुहुनेछ। परिवर्तित कार्यक्रम अनुसार, अमित शाह एक मार्चमा राति मुम्बईबाट कोलकाता पुग्नुहुनेछ। यसपछि, दुई मार्चमा बिहान उहाँ विशेष हेलिकप्टरबाट रायदीघीको लागि प्रस्थान गर्नुहुनेछ र दिउँसो 'परिवर्तन यात्राको' कार्यक्रम स्थलमा पुग्नुहुनेछ। भाजपाको राज्यस्तरीय नेताहरू अनुसार, पश्चिम बंगालमा पार्टीको जम्मा 10 सांगठनिक प्रभाग छन्, यसमध्ये नौ वटा 'परिवर्तन यात्रा' अन्तर्गत सामेल गरिनेछ। राज्यको राजधानी कोलकाताबाट कुनै पनि यात्रा सुरु हुनेछैन।अमित शाह बाहेक, कैयन वरिष्ठ पार्टी नेताहरू पनि विभिन्न चरणहरूमा यस अभियानमा सामेल हुनेछन्। यसमा केंद्रीय कृषि एवं किसान कल्याण मंत्री शिवराज सिंह चौहान, भाजपाका राष्ट्रीय अध्यक्ष नितिन नवीन केंद्रीय मंत्रीहरु जे पी नड्डा, राजनाथ सिंह, नितिन गडकरी धर्मेंद्र प्रधान पूर्व केंद्रीय मंत्री स्मृति ईरानी तथा महाराष्ट्रका मुख्यमंत्री देवेंद्र फडणवीस सामेल छन्।

**शुभेन्दु अधिकारी**

भारतीय जनता पार्टीले मुख्यमंत्री ममता ब्यानर्जीमाथि कडा हमला गर्दै भनेको छ ममता ब्यानर्जीको सरकारले केवल तुष्टिकरण र वोट ब्यांकको  राजनीति गरि रहेकोछ र यसैले हिंदी र बांग्ला भाषा बीच कृत्रिम विभाजन सृजना  गर्ने प्रयास गरि रहेकोछ। भाजपाका बिधायक तथा विधान सभामा बिपक्षी नेता सुभेन्दु अधिकारीले भन्नु भयो राज्यमा भाषालाई लिएर कहिलै पनि कुनै भेद वा विवाद थिएन। उहाँले भन्नु भयो-  सत्य के हो भने बंगाल, बिहार, झारखंड र ओडिशाको सांस्कृतिक जरा हजारौं वर्ष देखि एक-अर्कासित बलियो प्रकारले जुड़ेका छन्।उहाँले भन्नुभयो बंगालमा भाषा कहिलै पनि संघर्षको कारण थिएन। तर आज राज्यको तृणमूल कांग्रेस सरकारले मुख्यमंत्री ममता ब्यानर्जीको इसारामा भाषालाई राजनीतिक हथियार बनाएर एक विशेष समुदायलाई तुष्ट गर्ने प्रयास गरि रहेकोछ। उहाँले अझ भन्नु भयो - TMC ले भोट ब्यांकका लागि

मानिसहरूलाई भड़काएर राजनीतिक लाभ उठाउने कुचेष्टा गरि रहेकोछ। धर्म,जाती र भाषाको आधारमा मानिसहरूमा फांटो ल्याउने काम गरिएकोछ।

**नेपाल - मतदान केंद्र**

नेपालमा पांच मार्चमा हुने आम चुनावलाई ध्यानमा राख्दै सीमावर्ती क्षेत्रहरुमा स्थित मतदान केंद्रहरुमा कड़ा निगरानी राखिन्दै छ।साथै 2 देखि 5 मार्च सम्म भारत-नेपाल अंतरराष्ट्रीय सीमा एवं पुल अस्थायी रूपले बंद रहनेछ । यस संबंधमा जिल्ला प्रशासनले आवश्यक दिशा-निर्देश जारी गरेको छ ।प्रशासनले नागारिकहरुलाई 2 देखि 5 मार्चसम्म अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा भ्रमण गर्ने योजना न बनाउन र शान्ति सुरक्षा कायम गर्न प्रशासनलाई सहयोग गर्न अपिल गरेको छ ।शांतिपूर्ण चुनाव सुनिश्चित गराउनका लागि, सुरक्षा एजेंसिहरुले निगरानी गरिरहेका छन् । मतदान केंद्रहरुलाई तीन सुरक्षा स्तर, सामान्य, संवेदनशील र अति संवेदनशीलमा वर्गीकृत गरिएको छ। देशभरिमा कुल 10,967 मतदान केंद्रहरु छन्

**राजु विष्ट**

दार्जीलिङका लोकसभा सांसद एवं भाजप का राष्ट्रिय प्रवक्ता राजु विष्टले दार्जिलिङ लोकसभा क्षेत्रमा आगामी राज्यव्यापी भाजपा परिवर्तन यात्राको आन्दोलन समन्वय गर्न सिलगढीमा भाजपा जिल्ला नेतृत्वसँग महत्त्वपूर्ण बैठक गर्नुभयो।बैठकमा परिवर्तन यात्रा १ मार्चमा कुचबिहारबाट सुरु हुने र दार्जिलिङ जिल्लामा प्रवेश गर्नु अघि अलिपुरद्वार र जलपाईगुडी जिल्लाहरू हुँदै जाने बताउनु भएको छ । सबै निर्वाचन क्षेत्रहरूमा बलियो सहभागिता र सहज समन्वय सुनिश्चित गर्न तयारीहरू तीव्र गतिमा भइरहेको जानकारी दिनुहुदै सांसद बिष्टले भन्नुभयो राज्यभरि फैलिने परिवर्तनको भावना उत्तर बंगालबाट सुरु हुँदैछ, र भाजपा का समर्पित कार्यकर्ताहरू सकारात्मक परिवर्तन, भ्रष्टाचारमुक्त, नातावादमुक्त र हिंसामुक्त शासनको सन्देश घरदैलोमा पुऱ्याउन तयार रहेको बताउनु भएको छ।

बुथ कमिटी गठन

खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर 8 मा आगामी विधानसभा चुनावको निम्ति बुथ कमिटी गठनको निम्ति एक सांगठनिक सभा सम्पन्न भयो। उक्त सभाको अध्यक्षता वार्ड सभापति सुभाष राईले गरेका थिए भने सभालाई सञ्चालन कमल श्रीवल टाउन कमिटी कार्यकारिणी सदस्यले गरेका थिए। सभामा 28 नम्बर समष्टि नारी शक्ति सभापति सुषमा मुखिया, टाउन कमिटीको सांगठनिक सचिव महेत्र सेन शर्मा, सह प्रचार प्रसार सचिव रबि तोलाङ्गी, कार्यकारिणी सदस्य बिषम तामङ, नारी शक्ति उपाध्यक्षद्वय रोमा गुरूङ र सबिता मुखिया, प्रचार प्रसार सचिव सुषमा तिरूवा अनि वार्डको पार्टीको सदस्यहरू उपस्थित थिए।

**मिरिक सड़क मरमती कार्य**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन पश्चिम बंगाल ग्रामीण विकास विभागको माध्यमले प्रधानमन्त्री ग्राम सडक योजना अन्तर्गत लगभग 72 लाखको लागतमा मिरिक महकुमा अन्तर्गत डनबस्को गोलाईदेखि बाघसिङ गाँउसम्म पुग्ने लगभग अडाई किलोमिटर लामो सडक मरमती कार्यको शिलान्यास गरियो। मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राई अनि तृणमूल कंग्रेस मिरिक महकुमा अध्यक्ष अनिल छेत्रीले उक्त सडक मरमती कार्यको शिलान्यास गर्नुभयो । यस अवसरमा स्थानीय नागरिकहरुले खुशी व्यक्त गरेका छन् ।

**दार्जिलिंगमा आयुष मेला**

दार्जिलिंगमा आयुष मेला शुरू भएकोछ।यस मेलाको उद्धाटन अवसरमा बोर्दै गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले भन्नु भयो - दार्जिलिङमा आयोजित आयुष मेला 2026 ले स्थानीय जनतालाई पारम्परिक आयुर्वेदिक तथा आयुष-आधारित स्वास्थ्य सेवा र जागरूकताको पहुँच उपलब्ध गराएर स्वास्थ्य, जडीबुटी खेती र सामाजिक जागरूकताको

अवधारणा थप सबल बनाएको छ। उहाँले थप भन्नु भयो - आयुष मेला 2026 का आयोजक र सरकारलाई यस्तो जनहितकारी कार्यक्रम आयोजना गरेकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस मेलाले स्थानीय नागरिकहरूलाई आयुर्वेद, योग र औषधिजन्य जडीबुटीको बारेमा सही जानकारी दिएर निरोग जीवनशैली अपनाउन प्रेरित गरेको छ। साथै, यसले जडीबुटी खेती, स्थानीय औषधि उपचार र पर्यटनलाई पनि बढावा दिँदै दार्जिलिङको स्वास्थ्य-आधारित विकासमा गुणस्तरीय योगदान गरेको छ।उहाँले दार्जीलिङ्ग पहाडमा जडिवुटी एक वैकल्पिक आर्थिक स्रोत बन्नु सक्ने धेरै सम्भावना रहेको र  यस्ता मेलाले वैकल्पिक बाटो खोज्नेलाई प्रेरणा दिने बताउनु भएको छ ।

**जीटीए कर्मचारी**

जीटीए कर्मचारी संगठन खरसाङ महकुमा समितिद्वारा युनिटको भ्रमण गर्दै सभा गरेको जानकारी प्राप्त भएको छ। यस क्रममा जीटीए कर्मचारी संगठन खरसाङ महकुमा समितिद्वारा खरसाङको खरसाङ ईञ्जिनियरिङ विभाग र पीएचई विभाग खरसाङ युनिटमा सभा सम्पन्न गरेको छ। विशेष गरेर संगठनले युनिट र विभिन्न कार्यालयहरुमा कार्यरत् जीटीए कर्मचारीहरुलाई लिएर सभा सम्पन्न गरेको छ। यस सभामा हालैमा कोलकातामा भएको कुराहरु विषयमा जानकारी गराउनुको साथै विभिन्न विषयहरुमा छलफल गरिएको जानकारी प्राप्त भएको छ। यसको साथै जीटीए प्रमुख अनित थापाको तर्फबाट गरिएको घोषणालाई पनि सभामा सार्वजनिक गरिएको छ। सभामा केन्द्रीय उप सभापति रबि तोलङ्गी, खरसाङ महकुमा समितिको सभापति साजन गहतराज, महकुमा सचिव बिजय प्रधान, महकुमा सह सचिव युवराज प्रधान, महकुमा कोषाध्यक्ष दिनेश तामाङ, कार्यकारी सदस्य मनिष प्रधान लगायत अन्यहरु उपस्थित रहेका थिए। सभामा जीटीए कर्मचारीहरुको विभिन्न विषयमा चर्चा परिचर्चा गरिएको जानकारी प्राप्त भएको छ। सभापछि पत्रकारहरुसित कुराकानी गर्दै जीटीए कर्मचारी संगठन खरसाङ महकुमा समितिको सभापति साजन गहतराजले जीटीए कर्मचारी संगठनको तर्फबाट युनिटमा गएर सभा आयोजना गरेको बताएका छन्। उनले जीटीए प्रमुख अनित थापाले जीटीए कर्मचारी संगठनको लागि घोषणा आगामी 4 मार्चमा हुने सभामा सार्वजनिक गर्ने बताए।

**कालेबुङ**

कालेबुङका विधायक रुदेन सादा लेप्चाले कालेबुङ जिल्ला अन्तर्गत 35 नम्बर समष्टिको स्कुल डाँडामा नव निर्माण हुने प्रगति संघको सार्वजनिक भवनको शिलान्यास गर्नुभयो । यो भवनको निर्माण कुल लागत 31 लाख रूपैयाँ रहेको छ।शिलान्यास कार्यक्रममा क्षेत्रका  मानिसहरूको बाक्लो उपस्थिति रहेको थियो भने शिलान्यास पश्चात् उक्त भवन निर्माण गुणस्तरीय हुनुपर्ने अनि यसको संरक्षण क्षेत्रवासीले गर्नुपर्ने विधायक लेप्चाले बताउनु भएको छ।

**बंगाल भूकम्प**

पश्चिम बंगालमा आज दिउँसो एक पल्ट फेरि भूकम्पको झटका महसुस गरियो। दिउँसो 1 बजेर 20 मिनटमा कोलकाता र यसका छेउछाउका जिल्लाहरूमा शक्तिशाली भूकम्पको झटका महसुस गरियो। प्रारंभिक जानकारी अनुसार, भूकंपको तीव्रता रिक्टर स्केलमा 4.9 देखि 5  तीव्रताको बीच रहेको थियो। भूकंपको असर लगभग एक मिनटसम्म महसूस गरियो।सूत्रहरु अनुसार यो भूकम्प बंगालमा मात्र सीमित थिएन, यसको झटका छिमेकी देश बंगलादेशमा पनि महसुस गरिएको छ।भूकंपको केंद्र बांग्लादेशको खुलना क्षेत्रमा रहेको
बताईएको छपश्चिम बंगालमा नदिया, हुगली, पूर्व र पश्चिम मेदिनीपुर, उत्तर र दक्षिण 24 परगना तथा सुंदरबन लगायत कैयन क्षेत्रहरुमा तेज झटका महसूस गरियो।
यधपि ज्यान-मालको नोक्सानीको आधिकारिक सूचना छैन्।

**कालेबुङ**

कालेबुङको लामाडाडा समथारमा दुई दिवसीय तेस्रो अन्तर्राष्ट्रिय प्रो बक्सिङ च्याम्पियनसिप २०२६ आयोजना भइरहेको छ। आजदेखि आयोजना भएको उक्त च्याम्पियनसिपमा कालेबुङ जिल्ला लगायत देशका विभिन्न क्षेत्रबाट बक्सिङ खेलाडीहरू

प्रतियोगितामा भाग लिन आएका छन्। एलियड मार्सियल आर्ट्स, आर्ट्स डेभलपमेन्ट एसोसिएसनद्वारा आयोजना गरिएको यस प्रतियोगितामा लामाडाँडागाउँ सम्थार कालेबुङका संयोजक डुपछिरिङ लेप्चाको सहयोगमा भइरहेको जानकारी बक्सर मिलन सुब्बाले जानकारी गराएका छन्। क्षेत्रका नानीहरूलाई बक्सिङ प्रतिप्रोत्साहन गर्नको निम्ति देशका विभिन्न क्षेत्रबाट अन्य बक्सिङ खेलाडीहरूले पनि प्रतियोगितामा भाग लिएको उनले जनाएका छन्। साथै उक्त प्रतियोगिताको नाम इस्टन टाइटल बेल्ट राखिएको जनाउँदै पहिले यस प्रतियोगिताको किताब जितेपछि खेलाडीहरूले इन्डिया टाइटलको लागि खेल्न पाउने पनि उनले जानकारी दिएका छन्। प्रतियोगिता भोलि समाप्त हुनेछ।

**********